**तपाईहरुको संघसंस्था र सामुदायिक सदस्यहरुमार्फत संचार र सामुदायिक अगुवा (लेड) हुन सहभागीता बारे संस्था/एजेन्सी/संघसंस्थाहरुको निमित्त उपलब्ध सूचना।**

**नोटः** समुदायमा आवश्यकता अनुसार जुड्न र एड्भाइस प्रोजेक्टसंग जुडिसकेका संस्थाहरु जस्ले संस्थाहरुलाई सरसल्लाह दिन्छन्। युके नेपाल फ्रेन्डसीप सोसाईटी (युकेएनएफएस) ले तपाईहरुलाई आवश्यक भए अनुसार जहाँ, जसरी पनि मद्दत र सहयोग गर्न सक्दछ।

संस्था/एजेन्सी/संस्थासंघहरु सामुदायिक अगुवा र नेपाली संस्थाका प्रतिनिधिहरु बारे मुख्य सल्लाह उपलब्ध गर्ने बारे। धेरै जसो घटनामा सिधा र बलियो सम्पर्क हुने गरिएको देखिएको छ तर अन्य प्रतिक्रियाहरुमा एड्भाईस प्रोजेक्टले प्रमाणित गरे अनुसार माथि भनिएका कुरामा कमि थियो वा यसको अस्तित्वमा थिएन। तल दिइएका तालिकामा एड्भाईस प्रोजेक्टको सल्लाह अनुसार उपलब्ध संस्थाहरु खुला/थप गर्न सकिने छ।

संघसंस्थाहरु जसले सल्लाह प्रदान गर्दछ, र प्रोजेक्ट संग दृष्टिकोण राख्दै भाग लिने वा लिइने भएकाहरुको तालिका।

**परियोजना (प्रोजेक्ट) स्थानीय क्षेत्रमा अवस्थित संस्थाहरुः**

धेरै जसो तलका संस्थाहरु कार्यकारी अधिकारी/समानता अगुवा/ग्राहक सेवाको मातहतमा सम्पर्क गरिएको छ।

- **सिटिजन एड्भाइस ब्यूरोः** शेप्वे, वूलविच ग्रीनविच, डोर्सेट, बर्नमाउथ र पूले, रशमूर
- **पुलिस फोर्सः** केन्ट पुलिस, हैम्पशायर पुलिस, दि मेट्रोपोलिटन पुलिस, डार्सेट पुलिस
- **स्थानीय काउन्सिलः** (साधारण तर हाउजिङ्ग, सोसल सर्भिसेज, चुनावी सेवा, एन्टी सोसल बिशेवियोर (असामाजिक व्यवहार) सम्बन्धी- प्राथमिकता, रशमोर जिल्ला काउन्सिल, ग्रीनविच र वूलविच बोरो काउन्सिल, बर्नमाउथ काउन्सिल, डोर्सेट काउन्टी पार्टनरसीप र डोर्स काउन्टी काउन्सिल।
- **प्रौढ शिक्षा (एडल्ट लर्निङ्ग)ः** कुशलता र सिकाइ (बर्नमाउथ डोर्सेट र पोले) (केन्ट एडल्ट एजुकेशन र हेम्पशायर फ्यूचरहरू पनि सम्पर्क गरियो
- **काउन्सिलका लागि स्वच्छिक सेवा** (भोलन्टरी वर्क)ः रशमूर, शेपवे, पुल, वूलविच र ग्रीनविच
- **वेसेक्स क्राउन प्रोजेक्युसन सर्भिस**
- **DWP जव सेन्टर प्लस (नोकरी केन्द्र प्लस)**- ग्रेटर वेस्सेक्स (ह्यान्स, विल्टशायर, डोर्सेट, आईओभी)
- **अन्यः** ग्रीनविच समुदाय निर्देशिका (ग्रीनविच कम्युनिटी डाइरेक्टरी)

**सरसल्लाह उपलब्ध गराउने राष्ट्रिय संघ संगठनहरू र एजेन्सीहरूः**

साधारण तहका कार्यकारी प्रमुख/ निर्देशक सम्पर्क भएका संघसंस्थाहरुको तालिका:

- डिडब्लुपी/नेशनल जब सेन्टर प्लस।
- एचएमआरसी (राजश्व)
- स्थानीय सरकार एसोसिएशन (एलजीए) स्वतन्त्र समूह
- क्राउन प्रोजेक्युसन सर्भिस (सीपीएस)
- युकेभिआई (महानिर्देशक)
- एचएमटीएस इमिग्रेशन ट्राइब्युनल (अध्यक्ष र लीड)
- वेस्टमिन्स्टर (पार्लियामेन्ट) सामुदायिक आउटरिच एण्ड इन्गेजमेन्ट टिम
- नेशनल असेंबली वेल्स, संचार र शैक्षिक समूह
- समानता र मानव अधिकार आयोग (ईएचआरसी)
- हान्सर्ड सोसाईटी
- रनिमेड ट्रष्ट
- राष्ट्रिय नागरिक सल्लाह (सी ए बी)
- जनगणना र राष्ट्रिय तथ्याङ्क कार्यालय (ओएनएस)
- स्वैच्छिक संगठनहरूको राष्ट्रिय परिषद (एनसीवीओ)
- बैंकहरू: लयड्स बैंक

माथि भनिए अनुसार, तपाईको संस्थाको आकार उद्देश्य बमोजिम तपाईलाई प्यानल, बोर्ड, सल्लाहकार वा संरचना (नीति र सेवा लागू प्रक्रिया अनलाईन मार्फत) नेपाली संघसंस्थाबाट सम्बन्धित संस्था/एजेन्सी/संघसंस्थाबाट राष्ट्रिय, क्षेत्रीय, स्थानीय तहमा प्रतिनिधित्व गर्नुभएको जानकारी छ।

यदी गर्नुभएको छ भने, तपाईले उहाँहरुलाई सम्पर्क गर्नुभएको छ। गर्नुभएको छ भने कुन संस्था/एजेन्सी/संघसंस्था) कसरी र को संग (उनको पद/मान्यता/पोष्ट) औपचारिक सम्बन्ध स्थापित गराउनु भएको हो त?

प्रभावकारी रणनीतिक स्तर प्रभावकारी बनाउने तरिका र समुदायको तर्फबाट गरिने संचार

सल्लाह परियोजनाले (एड्भाइस प्रोजेक्ट) यस्ता मुख्य मुद्दाहरुमा, यस्ता सुविधा सिधै दिने गरेको छ, अन्य अवस्थामा संस्था/एजेन्सी/संघसंस्थाहरु आवश्यक परेमा चेतावनी गराउने, हुन सक्ने सम्म प्रभावकारी बनाई नेपाली समुदायमा प्रत्यक्ष संलग्न गराउने काम गरेको छ।

केही अवस्थामा पहिले नै संस्था/एजेन्सी/संघसंस्थाहरुमा अफिसर, कर्मचारी, स्वंयसेवक नेपाली समुदायबाट रहेका छन् । यस्तो अवस्थाहरुमा यिनीहरुले रणनीतिक स्तरको सम्बन्ध अन्तर संस्था/एजेन्सी/संघसंस्था र समुदायबीच सहयोग गरी प्रभावकारी बनाउन सक्छन्, यदि सहि दिशानिर्देश गराई संस्था/एजेन्सी/संघसंस्थाले नेतृत्व गरी सिधै अख्तियारवालासंगको सम्बन्ध सामुदायिक संस्थाको प्रमुखको हैसियतले तपाईलाई मद्दत गर्‍यो भने ।

अरु कुरामा, संस्थाको नेतृत्वलाई इमेल वा लेख्न परेमा यसमा संग्लग्न हुन्छन् ।
क) नेपाली समुदायको बिशेषता बमोजिम दिइएका सल्लाह सेवा प्रयोजन गर्न ।
ख) समुदायको आकार बारे निर्देशन पाउँदा-ठूलो १००० भन्दा बढी वा सानो ५०-१०० भन्दा बढी भन्दैमा सानो समुदायका सदस्यहको फलस्वरुप थप आवश्यकताहरु र चुनौति अरु भन्दा बढी सरसल्लाह उपलब्ध गराउने संस्था/एजेन्सी/संघसंस्था लिन सक्ने हुन्छ ।

ग) तपाईको आफ्नै संस्थाले संचार र सहभागिता बिषयहरुमा सिधैं निर्देशन उपलब्ध गराउने सक्ने भए, साधारणतया सहभागिता पुर्‍याउन नसक्ने भएमा,

त्यस्तो अवस्थामा आफ्नो काम निर्वहन गर्न प्रभावकारी रुपले नसक्ने हुन्छ (मुख्यतयः महत्वपूर्ण रुपमा सार्वजनिक कोष, नेपाली समुदाय समेत काउन्सिल ट्याक्स वा बिजेनश रेटको कोषबाट वा चुनावी संघसंस्था संसद वा काउन्सिलबाट भएमा)

सरसल्लाह उपलब्ध गराउने नेतृत्व (एड्भाइजर प्रोभाइडर लेड) संग सिल्सिलेवार बैठक... यस्ता बैठकहरुमा एकदमै महत्वपूर्ण हुन्छन् खास गरी सहभागिता, संचार, अनुरोध सुन्ने, सरसल्लाह सम्बन्धमा उत्तम व्यवहार गरियो भने । एडभाइस प्रोभाइडर समुदाय दुवै मिलेर काम गरेमा त्यो ज्यादै नै उत्पादनमुलक हुन्छन् खासगरी न्यून प्रस्तुति वा परिणाम सामना गर्न कुटनैतिक पहल गर्न जरुरी हुन्छ । तपाईले तपाईको समर्पित अफिसरहरुलाई तपाईसंग/तपाईको संस्थाको काम सुनिश्चित गर्नुस् र त्यहि समयमा संस्था/एजेन्सी/संघसस्था लेड/कार्यकारी प्रमुख/सभापति संग दूरी पनि बढाउन हुदैन ।

**युकेएनएफएसले संघसंस्थाहरु/एजेन्सीहरु राष्ट्रिय एजेन्सी र संघसंस्थाहरु एंव माथि संग्लग्न तालिकामा नभएकाहरु तपाईको स्थानीय क्षेत्रमा सिधा सम्पर्क स्थापित गर्न तपाईहरु मद्दत गर्न सक्ने छ र सुसम्बन्ध राख्न सकिन्छ जस्तैः एआरएनए/बिजिडब्लुएस/युके शेर्पा एशोसिएशन आदि ।**

<u>छलफल र प्रतिनिधित्व मौकामा छुट्नु नहुनेः</u> अल्पसंख्यक जातीय (अन्य अल्संख्यक) प्रायः यस्ता संलग्नतामा छुटेका हुन्छन् । यो अप्रत्यक्ष भेदभावको स्रोतबाट वा गैर अल्पसंख्यक समुदाय, बहुमत समुदायका सदस्यहरु जसले यस्तो ठूला सल्लाह उपलब्ध गराउने र संस्थाहरु चलाउछन्, वहाँहरुलाई अल्पसंख्यक समुदायको बिशेष थप आवश्यकताहरु सरसल्लाहमा संग्लग्न हुन खासै बुझ्न सकेका हुदैनन् ।

प्रभावकारी प्रतिनिधित्व बनाउने: केही बिषयहरुमा सामुदायिक सदस्यहरुले ज्यादै नै कमजोर ग्राहक/सेवाग्राही हेरचाह भएको भेट्न पाउनु हुनेछ जुन अप्रत्यक्ष भेदभाव र नस्लवादी रुपमा सल्लाह उपलब्ध गराउनेहरुको कर्मचारी वा स्वंयसेवकहरुबाट समेत पनि आउन सक्छ ।

–

धम्की र दुर्व्यवहारका उपायका प्रक्रियाहरु: कुनै अवस्थाहरुको धम्कीहरुमा एकजना मात्र संलग्न हुन्छ भने त्यस्तो अवस्थामा कानुनी र ग्राहक सेवाको दायित्व निभाउन एड्भाइस प्रोभाइडर (सल्लाह सुझाव दिने संस्था) लाई संझाई रहन पर्दैन । दुर्व्यबहारको प्रक्रियामा (बिशेष उदारहण युके इमिग्रेशन सेवाहरु हुन्) एक्लो व्यक्तिलाई दुर्व्यवहार गरिएका फरक र अति अलग गम्भिर दुर्व्यवहार भएको भनिन्छ । यसले असक्षमताको संस्कृति इंगित गर्दछ, पिडित पक्षले वास्ताविक प्रक्रियाको सम्भावना बारे र उहाँलाई दुर्व्यवहारको विरुद्ध संरक्षण दिने कुराको थोरै सूचना पाउने संभावना रहन्छ: यस्ता नकारात्मक गुणहरुले प्रस्तुति विहिन रणनीतिको प्रक्रियाको परिणाम दिन सक्छ, परिचालन व्यवस्थापनले दुर्व्यवहारलाई बढावा दिंदै सह्य हुन निर्देशीत गर्दछ ।

–

रद्ध गर्नु वा उपचारका विधिहरुको छनौट संग्लग्न हुने तर सीमान्त नभएको उपायहरुका लागि:

- पीडितको वार्ड काउन्सिलर, खाता राख्ने व्यक्ति, काउन्सिलर प्रमुख
- सांसद (संसदको सदस्य)
- छनौट समिति (यदि ठूलो मात्रामा दुर्व्यवहार प्रक्रिया संग्लग्न भएको पाइएमा र प्रमाणित गरिएमा) फेरि  आप्रवासन सेवा (इमिग्रेशन) र गृह मन्त्रालय (होम अपिस) सम्बन्धी मुद्दाहरु उदाहरण हुन् ।
- ओम्ब्युडसमेन (लोकपाल)
- स्वतन्त्र भई उजुरी गर्ने संयन्त्रहरु (आईपीओसी पुलिसका बिषयहरु)
- चैरिटी कमीशन
- वकालत गर्ने संस्थाहरू (हेल्थ वाच/स्वास्थ्य हेरचाह गर्ने संस्थाहरु ।

मिडिया अभियानहरू (यी संस्था/एजेन्सी/संस्थाहरूका निमित्त मार्ग निर्देश गर्दा (र अन्य तुलनायोग्य अल्पसंख्यक समुदाय संग) कम्ति वा कुनै सम्पर्क नभएको अवस्थामा उनीहरुले सम्बन्धित सरसल्लाहको सहभागिता निम्न बमोजिम उपलब्ध गराउँछ ।

क) त्यस्ता संगठन वा एजेन्सी लेड (प्रमुखता) संग व्यवहार गरिएको भनेर वेभसाईड र छापाहरुमा बुझ्दा न्युनतम सेवा सहयोग र पहुँच र गन्न सक्ने गरी सम्पर्क गरिएको छ: (उदाहरणार्थ, प्रवासन सेवा (इमिग्रेशन) मुख्य तत्काल कारण हुन् । मौजुदा भनिएका व्यवहार र प्रक्रिया बीच साधारणतया विशाल फैसला भएको र परिचालन अवस्थामा सबै बिशेषेताको वाबजुद पनि पारदर्शिता, असल/सहज संचार र लेखाजोखा न्युन (घाटा) छ ।

यस्ता संगठनहरु र एजेन्सीसंगको समिपता, उनीहरुको आकार, र रेकर्डको सार्वजनिक लेखाजोखा कुनै कुनै घटनाहरु मात्र दुर्व्यवहारका बिशेष उदाहरणहरु समुदायका सदस्यहरुलाई सर्तक गराउने पहुँच गरिएको भनि

स्पष्ट र काजजात गरिएको छ, उनीहरुलाई सेवा प्रायोजन सिधा हिसावले लिन सर्तक गराउन उनीहरुको बयानमा र वेभसाईटमा र जानकारी पर्चाहरुमा कुनै घटनाहरु जुन थकाई लाग्दो उजुरी प्रक्रियाहरु छन्। यस्तोमा सन्तुष्ट नभएमा समुदायका सदस्यहरु, सांसदसंग (एमपी) स्वतन्त्र उजुरी संयन्त्रहरु नेपाली मिडियाका रेडियो सेवा र सम्भवतः स्थानीय मिडियामा रेकर्ड (लेखा) राख्नु पर्ने ।
जहाँ बढ्दो दुर्व्यवहारको प्रमाण कमि देखिन्छ, त्यस्तोमा भएका एजेन्सी वा खास गरी स्थानीय (राष्ट्रिय भन्दा) संगठन संग बैठक ग्राहक सेवा हेरचाहको प्रमुख र वा कार्यकारी प्रमुख, वा इमेलमा सहभागी भई बैठक बस्नु पर्दछ । यस्तोमा खास गरी संगठन/एजेन्सीका विरुद्ध न्यायिक समिपतालाई त्यागेर प्रकाश पार्नुको सट्टा त्यस्तो सम्बन्ध बरु नेपाली समुदायका सदस्यहरुलाई भएका अग्रिम पंक्तिका कर्मचारी वा स्वंयसेवकले के गरेका थिए भन्ने सहभागीताको असल व्यवहार, संचार, र अनुरोधलाई सुनि दिने, सुझाव सम्बन्धहरु साझेदारी गरेमा अति महत्वपूर्ण हुन्छ ।

ख) नेपाली समुदाय सहभागीतामा अग्रगामी संगठन/एजेन्सी/संघसंस्थाहरु जो उत्साह प्रर्दशन गर्छन र सल्लाह सेवा प्रावधानमा गुणात्मक सेवामा समर्थन गर्ने बारे ।
यस्ता कुराहरुको सबै समयमा प्रसंशा गर्नुपर्दछ- नेपाली मिडियामा वा स्थानीय मिडियामा नेपाली समुदायको लेड (नेतृत्व)-उनीहरुलाई प्रसंशापत्रको प्रमाणपत्र दिई नेपाली समुदायमा मद्दत गर्न सकिन्छ, यसमा नेपाली नेड/कार्यकारी प्रमुख/सभापति र आवश्यक बमोजिम प्रमुख र प्रतिकात्मक महत्वपूर्ण नेपाली सामुदायिक साँस्कृतिक र सामाजिक पर्वहरुमा दिन सकिन्छ ।

सबै प्रमुख सामुदायिक परामर्श समूहसंग सामुदायिक संगठनहरुको मद्दत र सहभागी हुँदा सेवा र कार्यक्रमको संगठनातात्मक समीक्षा सल्लाह उपलब्ध गराउनु पर्छ । यस्ता कार्य गर्दा सिधै सामुदायिक सहभागितामा गरिने सल्लाह बैठकको आगावै गरिएको प्रश्नोत्तरको भरण सम्बन्धी छलफल गर्न सकिन्छ जसले गर्दा जुन बिषयबस्तु संग्लग्न छ, त्यसमा समुदायलाई राम्रो ज्ञान हुन्छ । अरु थप कुरा युकेमा हालसम्म विस्तृत रुपमा नेपाली समुदाय पहिलो पुस्ताको भएकोले बिषयवस्तुको भाषागत उल्था वा व्याख्या संस्था/संघसंगठनहरुले निःशुःल्क वा कम मूल्य (दान) गरि दिनाले यस्तो छलफल गराइ दिनाले सामुदायिक सदस्यहरुलाई फाइदा हुन्छ ।

भोलन्टरी सर्भिस र एडल्ट लर्निङ्ग संगठनहरुको सहभागीताको भूमिकाः

यी दुवै संगठनले क्रमशः समुदायलाई फराकिलो दायरामा समुदाय सहभागिता र सामुदायिक क्रियाकलापमा मद्दत गर्नु हो । जसमा मुख्यतयाः ब्रिटिश मुलका अन्य जाति र अल्पसंख्यक समुदायका सबै जाति र लिङ्गलाई वयस्क शिक्षा हरेक तहका प्राविधिक र अंग्रेजी भाषाका सीपहरु महत्वपूर्ण वास्तविक जीवनमा आधारित उप्रान्त शिक्षा र तालिम विकसित गर्ने उद्देश्यले-नयाँ समुदायलाई रोजगारीको मुख्य तहमा शिक्षा, सामाजिक सहभागीतामा अंग्रेजी भाषा दोस्रो भाषाको आवश्यकता पर्ने पनि हेर्नु पर्छ । यी कारणहरुले गर्दा भोलन्टरी सर्विस र एडल्ट लर्निङ्गलाई एडभाइस प्रोजेक्टमा समावेश गरिएको छ ।

सिटीजन एडभाईस व्युरो र सल्लाह साइनपोष्ट संगठनका प्रावधानका भूमिकाः
सिटीजन एडभाईस व्युरो (सी.ए.बि) बिसौं शताब्दकिो पहिलो अर्धमा अन्तर युद्धको बर्षहरुमा खडा भएको संस्था हो, जसले अनवरत २१ औं आधुनिक शताब्दी सम्हाल्नु आफ्नो कर्मचारी र स्वंयसेवक जनगणनाद्धारा बहुवर्ण र

बद्लिदो ब्रिटेनमा काम गर्न समक्ष छन् । सीएबिको बेवसाईटमा ज्यादै महत्वपूर्ण साइनपोष्ट (गन्तब्य देखाउने) बिषयमा महत्वपूर्ण जानकारीका स्रोत र सल्लाहहरु छन् । ती जानकारीहरु समुदायका सदस्यहरुलाई मुख्य उद्गम समयमा समस्याहरुका निमित्त मद्दत, शिकायत र आवश्यकताहरु हुन् र अंग्रेजीमा भएकोले समुदायका सदस्यहरु राम्रो दखल भएका अंग्रेजी भाषाको सीप, लेख्न सक्ने र बोल्न सक्नेले मद्दत गरे वास्तवमा फाईदाजनक हुन्छ ।

नेपाली व्यापारीहरुको प्रभावकारी सामुदायिक मद्दतमा भुमिकाः युके नेपाली व्यापारीहरु सामुदायिक तप्काका परिपूरक हुन् । त्यस्तै, जानकारीमूलक सल्लाह र सम्बन्धित सानइपोष्ट (दिशादिर्नेश) का आर्दश विन्दुहरु हुन् । उहाँहरुको सहभागीताले एड्भाइस प्रोभाइडर (सल्लाह दिनेहरुलाई ) बिषय र ज्ञानका लागि अति महत्वपूर्ण सदैव महत्वपूर्ण हुन्छन् ।

अनलाईन खोज र सुझाव शिर्षकहरुः

यी खोजका बिषयहरु समुदायका सदस्यहरुको साझा उद्गम हुन् खासगरी सरसल्लाह र भेद्भाव सामना गर्न र बुझिएको मुद्दाहरु ।

सामुदायिक कार्यमा भागीदारी

यो ज्यादै नै महत्वपूर्ण रणनीति हो जस्ले नेपाली समुदायको आवाज नजिक पुऱ्याउन सकिन्छ, खास गरी समुदायको आवाज बुलन्द पार्न ONS (राष्ट्रिय जनगणना तथ्यांङ्क बिभाग) ले प्रभावकारी सहभागी बनाउन समुदायलाई मौका दिन लागू गर्न सक्ने छ । यसको मतलब यो छ कि प्रासंगिक अन्य संघसंस्थाहरुसंग काम गर्न र अन्य बिषयमा फराकिलो योजनाहरुमा संस्था/एजेन्सी/संघसंस्थाहरु संग्लग्न छन् । यसको मतलब यो पनि हुने छ कि नेपाली समुदायको चासो र आवश्यकता संग अरु समुदायहरुसंग भागीदारी लक्ष्यको खोजी गर्न संग्लग्न हुन्छन् । आर्थिक सहयोगको शर्तमा साझेदारी काम सफलताको लागि अपरिहार्य हुन्छन् । यस्ता खालका साझेदारी कामले बहुसंस्कृति, गहुवर्ण, गतिशील ब्रिटेनले ठोस संयन्त्रले नेपाली संस्कृतिसंग भागीदारी गरी अरुसंग नेपाली समुदायलाई दरो जग लक्ष्य गरी गणना हुने, पहिचान र आदरार्थी हुन्छन् ।

*समुदायका सदस्यहरुलाई मद्दत गर्न बढ्दो प्रभावकारी सल्लाह, यसरी नेपाली समुदायको प्रमुख लक्ष्य हासील गरी सशक्तिकरण गर्न सकिन्छ ।*

## सामुदायिक सदस्यहरु र सामुदायिक लेडहरुका लागि सरसल्लाह उपलब्ध गराउने संस्था/एजेन्सी/संघसंस्थाहरुको जानकारी र सम्बन्धित आवश्यकताहरुः

नोटः यदि कसैको अंग्रजी बोल्ने र पढ्ने सीप तपाईले सोचे जस्तो निपूर्ण नभए, तपाईले नेपाली साथीहरुको बढ्दो सीप र अनुभवलाई लिई एड्भाइस प्रोभाइडर (सल्लाह दिने निकाय) पुग्नु पर्दछ । खास गरी बैठकमा साथै जना अन्तरवार्ता र अनुवाद वा व्याख्या (इन्टरप्रेटिङ्ग), अध्ययन फारम भर्न, कागजात गर्न र वेवसाईट सूचिहरुका निम्ति यो ज्यादै नै सहयोगी हुने छ । जहाँ समुदायका सदस्यहरुले नजिकको नेपाली समुदायको संगठनले दिशा निर्देश गरी सम्भवत मद्दत गर्न सक्दछ, यदि उहाँहरुलाई सीमित अंग्रेजी ज्ञान सहायताको लागि आवश्यक भएको जानकारी नभएमा ।

*अंग्रेजी चलनचल्तीका विचारहरु, वाक्यांशहरु, र शब्दहरु सरसल्लाह हेतु र पहूँचका उपयोगी शब्दहरु:*

Bullying (बुलीङ्ग)- यो अप्रिय घटना सत्ताइएको/छानिएको (जसमा रोक लगाउने र असजिलो बनाउने) धम्कीको स्वभाव हो, तर यस्तो व्यवहार, चालचलन, प्रभाव, दृश्य र पूर्वाग्रह साधारणतय यस्तो चालचलन असह्य हुने र त्यस्तो आचरण विरुद्ध खडा हुन्छन्। यसलाई अपराध पनि मानिन्छ र संगठन/एजेन्सीहरुले वचाउ गर्नु पर्छ, त्यस्तालाई रोजगारीबाट बेदखल (निकाला) गर्ने वा पुनः तालिम गरी स्वभाव बदल्ने मौका दिनुपर्छ।

<u>दुरुपयोगको प्रक्रिया:</u>

दुरुपयोग (Abuse) के हो र त्यसको बारेमा के गर्न सकिन्छ-

दुरुपयोग प्रक्रिया उल्लंधन/वेवास्ता वा अर्थ बिगार्नु। कानुन विपरित जस्ता कुराहरु संगठन वा एजेन्सीले आफ्नो कार्य गर्न सक्छन्। सबै प्रक्रियाहरु भेदभाव, पूर्वाग्रह र धम्कीमुक्त हुनुपर्छ र राम्रो र पारदर्शीता लागू गरिनु पर्छ।

र, यो एकै प्रकारले लागू हुनु पर्छ (भिन्न हुनु हुदैन) संस्था/एजेन्सी/संघसंस्थाको वेवसाईट, जानकारी कागजागत र पर्चाहरुमा प्रक्रियाहरुको बयान गरिनु पर्छ: त्यसैमा उजुरी गर्ने सूचना पनि दिइनु पर्छ यदि तपाईले त्यो संस्था/एजेन्सी/संघ संस्थाको सेवाग्राही/ग्राहक हुनु हुन्छ भने, प्रक्रियाहरुको प्रशासन लागू गर्ने गुणस्तरमा कुनै उल्लधन वा दुरुपयोग भएको छ कि भनेर हेर्नु पर्दछ।

**संलग्नता र समानताको परिभाषा:** यो किन तपाईको वास्ताविक जीवनको क्रममा तपाईलाई किन जान्न जरुरी छ र यसलाई किन महत्व दिनु हुन्छ: तपाई आफूलाई अरु कुनै व्यक्ति जस्तै व्यवहार तपाई माथि पनि गरियोस् र तपाई अल्पसंख्यक समुदायको सदस्य भनेर चिनिने विशिष्टतालाई सहभागीतामा सहयोग गरिनु पर्छ। (जस्तै, भाषा उल्था गर्न र व्याख्या (इन्टरप्रेटिङ्ग) आदि गर्न)

**सार्वजनिक र भोलन्टरी सर्विस संस्थाहरु/एजेन्सी/संघसंस्थाको लेखाजोखा:** भोलन्टरी संघसंस्थाहरुले आफ्नो गुणस्तर कायम राख्छन जव सेवाग्राही/ग्राहकहरु उनीहरुको सेवा प्रयोजन गर्छन् र सहभागी हुन्छन्। .......

**सशक्तीकरण-** यसको के मतलब हुन्छ, के तपाईलाई सशक्त बनाइएको छ कि छैन? तपाईको सुनुवाई भएको र महत्व दिइएको र तपाईको गुनासो र प्रश्न सम्बोधित गरिएको छ भनेर।

**शक्तिहिन-** यसको मतलब हुन्छ र तपाई शक्तिहिन हुनु भएको छ? वास्ता नगरिएको, कहिले नसुनिएको छ कि भनेर।

**बहिष्करण-** यो शक्तिहिन गराउने संग सम्बन्धित छ, (अल्पसंख्यक वा प्रमुख जनसंख्यासंग तुलना गर्दा) यसको मतलब बहिष्करण कुनै कारण बिना गरिएको र बहिष्करणको कारण नबुझाइनु।

**नस्लवाद (रंगभेद) र सम्बन्धः** व्यवहार नोट गरिएको र के गर्ने बारे (समुदाय र वैधानिकताः प्रहरी बिषय मात्र नभई काउन्सिल सम्बन्धमा, मानव संसाधन (जागीरे अवस्था) र ग्राहक हेरचाह सेवा र संभवतः अन्य क्षेत्रमा)। नस्लवादले ठाउँ लिएको हुन्छ कसरी भने मौखिक वा शारिरीक आक्रमकता र अप्रिय कारण तपाईको नस्ल (रंग)/जातिय, संस्कृति, भाषा, नाम र उच्चारण (एक्सेन्ट) गर्ने तरिकाले। एउटै अवस्थामा त्यहि ठाउँमा प्रत्यक्ष र अप्रत्यक्ष भेदभाव गरिएको हुन्छ।
**भेदभाव रहित सम्बन्ध-** व्यवहार नोट गरिएको (खास गरी तुच्छ व्यवहार गरिएको र गैर पेशागत विधि जस्मा गैर अल्पसंख्यक समुदायका जनता पर्छन्। र, यसमा के गरिन्छ (यस्तो अवस्थामा कम्युनिटी, लेड र संस्था/एजेन्सी/ग्राहक हेरचाह लेडले सिटीजन एडभाइस व्युरोलाई खबर गर्ने आदि) ?

**उजुरी बनाउने र फिडव्याक (प्रतिक्रिया) दिनेः** खराव र गाली गालौज र धम्कीको व्यवहार रेकर्ड  गर्नु पर्छ र रिपोर्ट गरिनु पर्दछ। यस्ता काम यस्ता अनुभवहरु लिएका वा हुने गरेको घटनाबाट सामुदायिक सदस्यहरुलाई रक्षा गर्न सकिन्छ। त्यसैगरी यो रेकर्ड गर्न ज्यादै नै महत्वपूर्ण हुन्छ र जानकारी गर्नुस् जब तपाईले औसतभन्दा बढी सहयोग पाउनु हुन्छ। सहयोगी पहुँच सल्लाह प्रदान गर्ने संस्था/एजेन्सीको प्रसंशा यी सकारात्मक अनुभवहरु समुदायमा भेटियो भने पनि उजागर गर्न सकियोस्। यस्ता संस्था/एजेन्सी समेतलाई युके नेपाली समाचार मिडिया र स्थानीय मिडियामा प्रसंशा गर्न सकिन्छ।